जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.वि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ अंक १५५ २०८० साल माघ ५ गते शुक्रबार (19 Jan. 2024 Friday) मूल्य रु. ५/-

**शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले सावधानी अपनाऔं ।**

***Log in : rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : पशुको आहारा बन्यो मुसहरेका.. ३ पृष्ठमा : मधेस प्रदेश सरकारका एक.. ३ पृष्ठमा : विवाद समाधानका लागि ...

## आफ्नो माग सम्बोधन नभएको भन्दै वडा सदस्यहरुले नगरपालिकामा दिए धर्ना




**दैनिक समाचारदाता राजविराज, ४ माघ ।**

बिटोरी जग्गाको समस्या समाधानसहित विभिन्न सात बुँदे माग सम्बोधन नभएको भन्दै राजविराज नगरपालिकाका वडा सदस्यहरुले बिहीबारदेखी नगरपालिका कार्यालय परिसरमै धर्ना दिएका छन् ।

वडा सदस्यहरुले राजविराज नगरपालिकामा एक घण्टे धर्ना दिएका छन् । सात दिन अघि ७ बुंदे माग राख्दै कार्यबाहक नगर प्रमुख इसरत परवीनलाई ७ दिने अल्टिमेटमसहित बुझाइएको ज्ञापन पत्र उपर खासै पहल नगरेको देखिएकाले बाध्य भई धर्ना कार्यक्रम सुरु गरिएको संघर्ष समितिका संयोजक रामानन्द देवले बताए ।

राजविराज नगरपालिकाको मुख्य बजारमा वर्षौंदेखि घर तथा खाली जग्गामा भएका हजारौ परिवार वसोवास गर्छन । वाउ-बाजेको पालादेखि रहेको आफ्नो जग्गाको लालपुर्जा नहुदा समस्या पर्दा विक्रि वितरण गर्न र बैंकमा राखेर ऋण समेत लिन नसकेको स्थितीमा पुग्दा उनीहरु चर्को ब्याजदरमा ब्यक्ति सँग ऋण लिन बाध्य भएका छन् ।

बि.स. २०१६ साल मै नगरपालिका घोषणा भएर नगरको मुख्य सडक मेनरोड तथा भित्री सडकको दायाँ बायाँ हजारौं परिवार वर्षौंदेखि लालपुर्जा नपाएको नगरपालिकाबाट नक्शा पास तथा मालपोत कार्यालयबाट रोक्का प्रकृया समेत लामो समयदेखि रोकिएपछि मार्कामा परेका छन् ।

विगत ७ वर्ष देखि श्रेस्ता र कम्प्युटरमा कुनै रेकर्ड नभएको भन्दै मालपोत कार्यालयले रोक्का गर्न नमानेपछि नगरको मुख्य बजारका वासिन्दा बैंक तथा वित्तिय संस्थाबाट पाउनु पर्ने सेवा सुविधाबाट बन्चित भएका हुन् ।

पहिले पहिले बिटौरी रसिद कै आधारमा बैंकमा जग्गा धितो राखी कारोबार हुन्थ्यो, वडा सदस्य दिपक शर्माले भने -“विगत सात वर्ष देखि मालपोत कार्यालयले रोक्का गर्न नमानेपछि बैंकले पनि ऋण दिन नमानेका कारण नगरका झण्डै ५ हजार भन्दा बढी परिवार कस्टकर जीवन बिताउन बाध्य छन ।”

यता बिटोरी जग्गा हरेक चुनावमा उम्मेदवारको चुनावी एजेन्डा बन्ने गरेको छ । तर सो मुद्दा एजेन्डा र घोषणा पत्रमा मात्र सिमित रहने गरेको नगरवासीको गुनासो छ ।

संघर्ष समितिले नगरपालिकाबाट प्रदान गरिने सेवा चुस्त दुरुस्त बनाउनु पर्ने, नगरसभाबाट पारित योजनाहरु अविलम्ब कार्यान्वयनमा ल्याउनु पर्ने, नगरको मुख्य बजार क्षेत्रमा सिसी क्यामेरा जडान गर्नू पर्ने, छाडा पशु चौपाया नियन्त्रण तथा नगर प्रहरी भर्ना प्रक्रिया अविलम्ब शुरु गर्नु पर्ने लगायतका माग पनि अघि सारेको छ ।

नगरको वडा सदस्यहरुको बृहत भेलाबाट वडासदस्य देवको संयोजकत्वमा गठित संघर्ष समितिले माँग पुरा नभएसम्म दैनिक रुपमा धर्ना कार्यक्रम अघि बढाउने तथा संघर्षका थप कार्यक्रमहरु चरणबद्ध रुपमा संचालन हुने देवले बताएका छन ।

## राजविराज जेसीजका नवनिर्वाचित पदाधिकारीहरुको पदस्थापन सम्पन्न

**दैनिक समाचारदाता राजविराज, ४ माघ ।**

राजविराज जेसीजको ४९औं पदस्थापन तथा पुरस्कार वितरण कार्यक्रम बुधबार सम्पन्न भएको छ ।

राजविराज जेसिज वर्ष २०२३ का अध्यक्ष उज्ज्वल काबराले राजविराज जेसीज वर्ष २०२४ का अध्यक्ष बिप्लव आनन्दलाई अध्यक्षको माला ( चेन) लगाएर पदस्थापित गरेका हुन् ।

नेपाल जेसीज वर्ष २०२४ का राष्ट्रिय अध्यक्ष जेसीआई सिनेटर रविन पोखरेलको प्रमुख आतिथ्यता एवं नेपाल जेसीजका पूर्व राष्ट्रिय अध्यक्ष जेसीआई सिनेटर गोविन्द प्रसाद सिंह विशिष्ट आतिथ्यतामा आयोजित समारोहमा नेपाल जेसीजका राष्ट्रिय कार्यकारिणी उपाध्यक्ष जेसी भिम कुँवर, नेपाल जेसीजका राष्ट्रिय उपाध्यक्ष योगेश राजवंशीसाथै राजविराज जेसीजका पूर्व अध्यक्षहरू, नेपाल पत्रकार महासंघ सप्तरीका अध्यक्ष श्रवण देव, नागरिक समाज सप्तरीका अध्यक्ष थान सिंह भन्साली, सप्तरी रेडक्रसका अध्यक्ष जोगेन्द्र भगत लगायतको उपस्थिति रहेको थियो ।

समारोहमा राजविराज जेसीज वर्ष २०२३ का अध्यक्ष उज्ज्वल काबराले सम्पूर्ण अतिथिहरूलाई मायाको चिनो वितरण गरेका थिए ।

## पालिकाबाटै राहदानी सेवा

सिरहा, ४ माघ (रासस) ।

सिरहाको मिर्चैया नगरपालिकाले बुधबारदेखि स्थानीयस्तरबाटै राहदानी (पासपोर्ट) बितरण सेवा सुरु गरेको छ । नगरप्रमुख श्रवणकुमार यादवले मिर्चैया-६ की शर्मिलाकुमारी घिमिरेलाई राहदानी हस्तान्तरण गर्दै सेवा सुरु गर्नुभएको हो ।

“अब पालिकावासी राहदानीका लागि सदरमुकाम सिरहास्थित जिल्ला प्रशासन कार्यालय पटक-पटक धाउनुपर्ने बाध्यता हटेको छ”, नगरप्रमुख यादवले भन्नुभयो, “आगामी दिनमा यसलाई अझै प्रभावकारी र चुस्त बनाउने छौं ।” उहाँका अनुसार बायोमेट्रिक बाहेक आवेदनलगायतका सम्पूर्ण काम पालिकाबाटै हुने भएको छ । स्थानीयस्तरबाट राहदानी पाउने भएपछि स्थानीय खुसी भएका छन् । नागरिकलाई सहज होस् भनेर जिल्ला प्रशासन कार्यालयसँगको समन्वयमा सो कार्यालयबाट प्राप्त राहदानी पालिकाबाट नै बितरण सुरु गरिएको उहाँले जानकारी दिनुभयो ।



## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (ब्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौ ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**

**महादेवा गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**

## क्यान्सर रोग लाग्नबाट बच्ने उपाय

- मदिरा, धुम्रपान तथा सुर्तिजन्य वस्तु सेवन नगरौं,
- खानपानमा ध्यान पुऱ्याऔं,
- पर्याप्त व्यायाम गर्ने गरौं,
- सक्रिय जीवनशैली अपनाऔं,
- बोसोयुक्त मासु नखाऔं,
- तारेको, झानेको, पोलेको खाना नखाऔं,
- गालेका तथा पुराना अचार कम खाऔं,
- नियमित स्वास्थ्य परीक्षण गराऔं,
- सरसफाईमा विशेष ध्यान दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### मधेशमा बलिदानी दिवस मनाइदै

मेधशका सहिदहरुप्रति श्रद्धाञ्जली अर्पण गर्न विगत १६ वर्षदेखी बलिदानी दिवस मनाइदै आइएको छ । प्रत्येक वर्ष माघ ५ गते मनाइने यस दिवसमा मधेश प्रदेश सरकारले आफ्नो वार्षिक क्यालेन्डरमा सो दिन सार्वजनिक बिदा दिने निर्णय गरिसकेको छ । बलिदानी दिवसको अवसरमा सिरहाको लहानस्थित गोल चौकमा सहिदहरुलाई सम्झिने गरिन्छ ।

गत वर्ष मधेश प्रदेश सरकारले बलिदानी दिवसमा कुनै कार्यक्रम नगरे पनि प्रतिनिधिसभा सदस्य एवं जनमत पार्टीका अध्यक्ष डा. सिके राउतले भने संघीय संसदमा एक मिनेट मौनधारण गरेर सहिदहरुलाई सम्झे । कुनै पनि मधेश केन्द्रित दलले संघीय संसदमा बलिदानी दिवसको अवसरमा श्रद्धाञ्जली दिन नभ्याएकोमा उनले सहिदहरुको सम्मानमा आफूसहित केही संघीय सांसदलाई समेत श्रद्धाञ्जली दिन बाध्य पारे । उनको यस्तो कार्यप्रति मधेश केन्द्रित दलका नेताहरुबाटै प्रशंसा समेत भएको थियो । विगत १५ वर्षदेखी संघीय संसदमा बलिदानी दिवस बारे कसैले नबोलेकोमा डा. राउतले श्रद्धाञ्जली व्यक्त गर्दै मधेशका सहिदहरुबारे सम्पूर्ण राष्ट्रले पनि श्रद्धाञ्जली दिएर सम्मान दिनुपर्ने माग समेत गरे । उनले मधेशका सहिदहरु मधेशका मात्र नभएर सम्पूर्ण राष्ट्रकै सहिदको दर्जा पाउनु पर्ने माग समेत गरे ।

तसर्थ सहिद भनेको कुनै एउटा समुदाय, क्षेत्र वा स्थानको नभएर सम्पूर्ण राष्ट्रका लागि ज्यानको आहुती दिने व्यक्तित्व हुन् । उनीहरुको बलिदानीलाई सम्पूर्ण राष्ट्रका जनताले सम्झनुपर्दछ अनिमात्र सहिदको सपना साकार हुने कुरा कसैले बिर्सनु हुँदैन् ।

# पशुको आहारा बन्यो मुसहरको सहारा

**सञ्जीतकुमार मण्डल**
जलेश्वर, ४ माघ (रासस) ।

वर्षभरि बस्तुभाउको खानका लागि जम्मा गरेका आहारा (पराल) महोत्तरी जिल्लाको एकडारा गाउँपालिका-३ भटौलिया गाउँका मुसहर समुदायका लागि जाडोबाट बच्ने सहारा बनेको छ । भटौलिया गाउँको उत्तरपट्टी रहेको सय परिवारको मुसहर बस्तीको घरमा बस्तुभाउलाई खुवाउने पराल नै ओढ्ने, पराल नै ओछ्याउने र परालकै आगो तापेर जीउ न्यानो बनाइरहेको दृश्यले त्यहाँका मुसहर समुदायलाई जाडोबाट बचाउने सहारा नै पराल बनेको देखिन्छ ।

चिसो स्याँठले असैह्य भएको जाडोको बीच चारैतिर परालको कुन्यु, परालबाटै बनेको गुन्द्री, पराल नै जुटको बोरामा कोचेर बनाइएको सिरक, डसना र परालकै आगो बालेर भटौलिया गाउँका सम्पूर्ण मुसहरी (मुसहर बस्ती) यतिबेला जाडो छलिरहेको छ ।

चारैतिर खर परालकै झिक्राझिक्री (टाटी) र खर र परालले नै छाएको सानो झुपडीमा उमेरले ६५ वर्ष नाघिसकेका जोगिया सदा आफ्ना लालाबाला र घरपरिवारसहित चिसो स्याँठका बीच बसिरहेको देखियो । उहाँको शरीरमा समेत चिसो छल्न सक्ने जति लुगाफाटा थिएन भने भने बालबालिकाको शरीर लुगाफाटाले पूर्ण रूपमा छोपिएको थिएन, महिला इज्जत ढाक्नैका लागि लगाउनुपर्ने लुगाबाहेक अरु बाक्लो कपडामा भेटिदैनन् । आर्थिकरुपले चरम गरिबीले छोएको उहाँको झुपडीमा कुनै घेराबेर छैन । चिसो आकाशमुनि बस्दै आएको जोगियाको ११ जनाको परिवार जाडो बढेसँगै आगोकै वरिपरि लुटपुटिएको हुन्छ ।

उहाँकै छिमेकी ५० वर्षीया सुमित्रा देवी सदाको अवस्था पनि उस्तै छ । छ/सात जना छोराछोरीसहित उहाँको परिवार पनि परालको ठुट्टो (लार) ले चारैतिरबाट घेरिएको र माथि च्यातिएको प्लाष्टिकबाट ठाउँ ठाउँमा घरभरि उज्यालो आउँदै गरेको सानो झुप्रोमा बस्दै आएको छ । झुप्रोभित्र चारैतिर पराल ओछ्याएको छ भने राति सुत्नका लागि जुटको ठूलाठूला बोरामा पराल कोचेर ओढ्ने ओछ्याउने विस्तार बनाइएको छ ।

उहाँका कुनै छोराछोरीका जीउमा पनि पूरा कपडा छैनन् । घरभित्रैबाट चिसोले काप्दै सुमित्राले भन्नुभयो, "हजुर हमरा सब लग केऊ नै अबैछै, मैर रहलछी लेकिन केकरो कोनो फिकिर नै है ।" (हजुर हामी कहाँ कोही आउँदैनन् । मरिरहेछौँ तर पनि कसैलाई कुनै मतलब छैन) छ वर्षदेखि चिसो, वर्षा र घामको सामना गर्दै यसै झुप्रोमा दिन बिताउन बाध्य उहाँको परिवारलाई दुई छाक हातमुख जोर्न पनि समस्या छ । उहाँ भन्नुहुन्छ, "परिवारमा खानेकुराको अभावले भोकै बस्नुपर्ने अवस्था छ भने लुगाफाटा र ओढ्ने ओछ्याउने कहाँबाट ल्याउनु ?"

वर्षौंदेखि दमरोगको बिरामी रहनुभएकी ६५ वर्षीया अनरिया देवी सदा झुत्रो कम्बल ओढेर काप्दै हुनुहुन्थ्यो । आफूलाई पति र छोराछोरीलेसमेत राम्ररी हेरचाह नगरेको भन्दै सहयोगको याचना गर्दै उहाँले भन्नुभयो, "हजुर मलाई कुनै अनाथालयमा लगिदिनुस्, यो चिसोमा भोकभोकै रहनुपर्दा निकै कष्ट भएको छ । परिवारबाट पनि माया पाएको छैन ।"

सोही बस्तीकी ५५ वर्षीया सीतादेवी सदा दुई सातादेखि रातिराति सुत्न पाउनु भएको छैन । उहँले भन्नुभयो, "हजुर दिनभरि जसोतसो काटे पनि राति काट्न पराल बालेर आगोकै साहाराले नै काट्दै आएको छु । दुई सातादेखिको चिसो स्याँठबाट बालबालिकालाई बचाउन रातभिर पराल र पात पतिङ्गरको घुर जलाएर सुत्नेगरेको छु ।"

आगो बालेर सुत्दा जल्ने पोल्ने डरले बालबालिकालाई सुताउँदै आफू रात रातभरि जाग्राम नै बस्ने गरेको उहाँ बताउनुहुन्छ । चरम गरिबीको कारण खानपानकै जोरजाम पनि राम्ररी पूरा गर्न नसक्ने उहाँका पति दिनभरि मजदूरी गरेर कमाएको पैसामध्ये आधी मदिरामा उडाइदिने र आधाले जहान परिवारको लागि खानेकुराको जोहो गर्नुपर्दा बालबालिकाहरूको लागि न्यानो लुगाफाटा र पोषिलो खानेकुरा दिन नसकेको उहाँको दुःखेसो छ ।

यस वर्षमा मात्रै नभएर आफूहरूले वर्षौंदेखि जाडोयाममा यसैगरी समय काट्ने गरेको स्थानीय ४८ वर्षीया कोशिला देवी सदाले सुनाउनुभयो । दिनमा घाम लागे खुशी हुने र बेलुका घाम ढल्दै जाँदा दुःखी हुँदै रातभरि घुरमा आगो ताप्दै रात बिताउने उहाँको दिनचर्या बनिसकेको छ । कोशिलाको घरमा उहाँ र उहाँका पतिसहित आठ जना बालबालिका छन् भने सबै जना जाडो छल्नका लागि परालकै सहारा नै लिनुपरेको उहाँले बताउनुभयो ।

शीलतहर, चिसो हावा, बाक्लो हुस्सु र डम्म परेको कठ्याँग्रिदो जाडोकै बीच बस्ती नजिकै अर्काको खेतमा धान बढार्दै गरेकी ७४ वर्षीया भुटीदेवी सदा टाँढैबाट कराउँदै आफ्नो पीडा सुनाउन आई पुग्नुभयो । "हजुर, खान पाएकी छैन् । घरमा अन्नपति छैन, जीउमा लुगा छैन, छानामाथि ओत छैन् जाडोले ज्यानै लिन लाग्यो ।" 'हजुर आफैं त कसैगरी जाडो सहन सकिरहेको छु । तर यत्रो सानो बच्चालाई कसरी जोगाउनु । घरमा चारैतिरबाट हावा पस्छ । जाडोले मुटु नै हल्लाउँछ । जस्तोमा ओढ्ने ओछ्याउने नहुँदा मनै रोएर आउँछ । कसैगरी कतैबाट राहत दिलाइदिनुस् ।'

कहाँ जाउँ, के गरुँ र कसरी बाँचु भन्ने चिन्ताले उहाँलाई पिरोलेको छ । उहाँको सात बालबालिकासहित ११ जनाको परिवार दैनिक मजदूरीबाट जसोतसो चल्दै आएको छ । एकदिन पनि मजदूरी नगरेमा चुल्हो बल्दैन भने परिवारका सबै सदस्य भोकभोकै बस्नुपरेको उहाँको दुःखेसो छ । "जाडो याममा कहिले काम पाइन्छ, कहिले पाइँदैन र त्यस्तो अवस्थामा भोकै बस्नुपर्ने बाध्यता छ" भुटीले भन्नुभयो, "हजुर कोही दाता छन् भने हामीलाई राहत दिलाइदिनुस् न । जाडो हटेपछि त काम पनि पाइन्छ, बालबालिका पनि भुलाउन सजिलो हुन्छ ।"

केही दिनयता तराई/मधेशका जिल्लाहरूमा बाक्लो कुहिरो लाग्ने, घाम नलाग्ने र शीतलहर हुने गरेकाले गरिब तथा विपन्न समुदायका वासिन्दाको जनजीवन निकै कष्टकर बनेको छ । सय परिवार मुसहरको यहाँका जुनसुकै घरमा जानु सबैको उस्तै पीडा देखिन्छ । अभावै अभावमा जीवन काटिरहेका उनीहरूको अवस्था बढ्दो चिसोसँगै चिन्ताजनक हुँदै गएको छ ।

# एमडिएमएस र टेरामक्स सम्बन्धी कागजात बुझाउन निर्देशन

काठमाडौं, ४ माघ (रासस) ।

प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचनाप्रविधि समितिले मोबाइल डिभाइस म्यानेजमेन्ट सिस्टम (एमडिएमएस) र टेलिकम्युनिकेसन ट्राफिक मनिटरिङ एन्ड फ्रड कन्ट्रोल सिस्टम (टेरामक्स) सम्बन्धी कागजात बुझाउन सरकारलाई निर्देशन दिएको छ ।

समितिको बिहीबारको बैठकले सो सम्बन्धमा सुरुदेखि भएका नीतिगत निर्णय खरिद प्रक्रिया भुक्तानी र कार्यान्वयनको औचित्यलगायतका विषयका कागजात यथाशक्य चाँडो बुझाउन सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई निर्देशन दिएको हो ।

सञ्चारमन्त्री रेखा शर्मा, सचिव रामकृष्ण सुवेदीलगायत अधिकारीसँगको छलफलपछि समितिले ती विषयमा भएका मन्त्रालयगत छानबिनको प्रतिवेदन र त्यससम्बन्धमा अदालतबाट भएका फैसलासमेत मगाइ विज्ञको परामर्शका आधारमा थप निर्णय लिने निष्कर्ष निकालेको हो ।

बैठकमा मन्त्री शर्माले ती प्रणालीका बारेमा विगतका सरकारले गरेका नीतिगत निर्णय र कार्यान्वयनकर्ता निकायबाट भएका कामबारे मन्त्रालयले अध्ययन गरिरहेको बताउनुभयो । उहाँले ती प्रणालीको कार्यान्वयनका क्रममा अनियमितता भएको भए छानबिनका लागि सरकारले सघाउने स्पष्ट पार्नुभयो ।

# कृषि ऐन ल्याउने तयारीमा छौं : मन्त्री भुसाल

काठमाडौं, ४ माघ (रासस) ।

कृषि तथा पशुपन्छी विकासमन्त्री डा बेदुराम भुसालले कृषि क्षेत्रमा रहेका समस्या समाधान गर्न छिट्टै कृषि ऐन ल्याउने तयारी भइरहेको जानकारी दिनुभएको छ ।

दोस्रो राष्ट्रिय कृषि जैविक विविधता दिवस एवं सप्ताह समारोह समितिले बिहीबार यहाँ आयोजना गरेको कृषि जैविक विविधता एवं रैथाने बालीउपज प्रदर्शनीमा मन्त्री भुसालले सो जानकारी दिनुभएको हो ।

मुलुकमा आर्थिक रुपान्तरणका लागि कृषि क्षेत्रको विकास र विस्तार गरी आत्मनिर्भर बनाउनुपर्ने बताउँदै मन्त्री भुसालले प्रविधिको प्रयोगबाट कृषि क्षेत्रमा आधुनिकीकरण गरी उत्पादन वृद्धि गर्नुपर्नेमा जोड दिनुभयो । यस कार्यका लागि कृषि ऐनले सहयोग पुऱ्याउने उहाँको भनाइ थियो ।

मुलुकका बिभिन्न जातिका रैथाने बालीको संरक्षण गर्नुपर्ने उहाँले बताउनुभयो । स्वदेशी तथा मौलिक बिशेषता बोकेका रैथाने कृषिउपज लोपोन्मुख हुँदै गएकाले तिनको संरक्षण गर्नुपर्नेमा जोड दिनुभयो ।

मौसम अनुकूल बीउको सञ्चितीकरण र त्यसको जगेर्ना गर्नुपर्ने बताउँदै उहाँले कृषि अनुसन्धान तथा कृषि विज्ञानका क्षेत्रमा प्राप्त भएका उपलब्धिको सदुपयोग गर्दै कृषि उत्पादन वृद्धि गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

प्रदर्शनीमा परम्परागत प्रविधिका ओखल, ठेकी, मदानी, जाँतो, फलफूल, खाद्य सामग्री, सामुदायिक उत्पादनका बीउ बैंक, राउटेले निर्माण गरेका आरी, लोपोन्मुख खाद्यान्नसमेत राखिएको छ ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# मधेस प्रदेश सरकारका एक वर्षे उपलब्धि सार्वजनिक

जनकपुरधाम, ४ माघ (रासस)।

मधेस प्रदेश सरकार गठनको एक वर्षमा भएका उपलब्धि सार्वजनिक गरिएका छन्। मधेस प्रदेश नामाङ्कन र प्रदेश राजधानी जनकपुर तोकिएको दिनलाई स्वाभिमान दिवसका रुपमा मनाउन बुधबार जनकपुरधाममा आयोजित कार्यक्रममा मुख्यमन्त्री सरोजकुमार यादवले सरकार गठनको एक वर्षमा भएका उपलब्धि सार्वजनिक गर्नुभएको हो।

प्रदेशसभाको दोस्रो निर्वाचनपश्चात् विसं २०७९ पुस २९ गते जनता समाजवादी पार्टी (जसपा) प्रदेशसभा संसदीय दलका नेता यादवको नेतृत्वमा सरकार गठन भएको थियो। सरकारका उपलब्धि सार्वजनिक गर्दै मुख्यमन्त्री यादवले प्रदेश सरकार गठन हुँदा प्रादेशिक सुशासन, विकास र समृद्धिका लागि गरेको प्रतिबद्धता पूरा गर्ने अठोटका साथ नीति, कार्यक्रम र प्राथमिकता निर्धारण गरी काम कारबाही अघि बढाइएको बताउनुभयो।

उहाँले विभिन्न १० बुँदामा सरकारका उपलब्धि सार्वजनिक गर्नुभएको छ। यस अवधिमा नौ विधेयक प्रदेशसभामा पेश गरेको, तीन ऐन, दुई नियमावली, सात कार्यविधि र तीन निर्देशिका निर्माण भएको तथा तीन विधेयक तर्जुमाका लागि सैद्धान्तिक स्वीकृतिसमेत प्रदान गरिएको उल्लेख गर्नुभयो।

त्यसैगरी वित्तीय व्यवस्थापन र आर्थिक सुशासनका लागि महालेखाको निर्देशनअनुसार काम गरिएको, सवारी चालक अनुमतिपत्र छपाइमा भइरहेको ढिलाइ हटाउन मेसिन खरिद प्रक्रिया प्रारम्भ भएको, लोकसेवा आयोगको मर्मअनुरुप नतिजालाई विश्वसनीय बनाउन अप्टिकल मार्क रिडरलगायतका प्रविधिबाट वस्तुगत बहुउत्तर उत्तरपुस्तिका परीक्षण गर्ने प्रणाली सञ्चालनमा ल्याइएको जनाइएको छ।

यस्तै एक निर्वाचन क्षेत्र एक सडक कार्यक्रमलाई प्राथमिकतामा राखी प्रदेशका ६४ प्रदेशसभा निर्वाचन क्षेत्रमा गरी कूल तीन सय २० किमी पक्की सडक निर्माण भइरहेका, ३५ किमी सडक कालोपत्र, एक सय २४ किमी पक्की सडक ढलान, तीन सय किमी ग्राभेल सडक निर्माण, ४१ किमी नाला निर्माण, दुई सय ३३ कल्भर्ट निर्माण, ३७ किमी कच्ची सडक सुधार गरिएको जनाइएको छ।

यस्तै सम्पूरक अनुदानअन्तर्गत सात सडक कार्यक्रम निर्माणाधीन अवस्थामा रहेका छन्। सिँचाइ सुविधा विस्तार, अस्पतालको स्तरोन्नति, सहरी क्षेत्रमा सरसफाइमा जनताको पहुँचवृद्धि गर्न ५४ सार्वजनिक शौचालय निर्माण र प्रदेशस्तरीय मोडयुलर प्रयोगशालाको स्थापना तथा सबै स्थानीय तहमा जनस्वास्थ्य प्रयोगशाला स्थापना गरिएको तथा स्वास्थ्य सेवालाई थप विस्तार गर्न 'मेरो स्वास्थ्य मेरो जिम्मेवारी' नाराका साथ पालिकाको समन्वयमा नागरिक आरोग्य सेवा केन्द्र स्थापना र सञ्चालनमा ल्याइएको पनि सरकारको उपलब्धिमा उल्लेख छ।

त्यस्तै मधेसको इतिहास लेखन कार्य शुभारम्भ, बेरोजगार युवामध्ये तीन हजारलाई सीप विकास तालिमसहित कम्तीमा तीन महिनाको रोजगारी दिने कार्य आरम्भ, उद्यमशीलता विकासका लागि पहल, हरित प्रदेश अभियानअन्तर्गत आठवटै जिल्लामा उच्च प्रविधि (हाइटेक) वन नर्सरी स्थापना गरी ६३ लाख ४५ हजार बिरुवा उत्पादन, दिगो वन व्यवस्थापनमा जोड, मधेस प्रदेशमा वन विकास तथा विस्तार गर्नका लागि समृद्धिका लागि वन परियोजना मार्फत २५ स्थानीय तहमा रु ५२ लाखका दरले बजेट विनियोजन, चुरे क्षेत्रको संरक्षण तथा नदी नियन्त्रणका लागिसमेत उल्लेख्य काम गरेको प्रदेश सरकारको दाबी छ।

मधेस प्रदेशका आठवटै जिल्लामा जलवायु परिवर्तन, प्राकृतिक प्रकोप तथा मानव सिर्जित विपद् पीडितका लागि सरकारले राहतको व्यवस्था गर्नुका साथै जनयुद्ध र मधेस आन्दोलनका सहिद परिवारलाई रु सात करोड ५२ लाख र मधेस आन्दोलनका घाइतेलाई रु ५८ लाख गरी कूल रु आठ करोड चार लाख आर्थिक सहायता प्रदान गरिएको समेत सरकारको उपलब्धिमा उल्लेख छ।

आगामी तीन वर्षभित्र प्रदेशका सबै पालिकामा सिँचाइ सुविधा पुग्ने गरी विद्युतीकरण, कृषि व्यवस्थापनलाई उच्च प्राथमिकतामा राखी १० वर्षीय प्रादेशिक कृषि गुरुयोजना, चुरे संरक्षण कार्यक्रमलाई प्रदेश गौरव योजनाका रुपमा अगाडि बढाइने, सन् २०३० सम्म मधेस प्रदेशलाई बालविवाह मुक्त बनाउन १० वर्षे रणनीतिक योजना, स्वचालित सवारी चालक प्रणालीको विकास गरी अनुमतिपत्र, यसै आर्थिक वर्षभित्र नागरिकलाई स्वच्छ खानेपानी उपभोगका लागि ५० खानेपानी योजनाका कार्यक्रम सम्पन्न गर्ने र ११ औं राष्ट्रिय खेल यसै प्रदेशमा सम्पन्न हुने गरि आवश्यक पूर्वाधार निर्माणलगायत विषयमा पनि प्रतिबद्धता जाहेर गरिएको छ।


## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं।
- बालबालिका, बृद्धबृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं।

**अनुरोधकर्ता**

**राजगढ गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**



## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं।
- बालबालिका, बृद्धबृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं।

**अनुरोधकर्ता**



**तिलाठी कोइलाडी गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**


## विश्व समाचार

### विवाद समाधानका लागि चीनले मध्यस्थता गर्ने

बेइजिङ, ४ माघ (रासस/एएफपी)।

पाकिस्तान र इरानको सीमा क्षेत्रमा आतङ्कवादी लडाकूलाई लक्षित गरी हाले भएका आक्रमणपछि बिहीबार पाकिस्तान र इरानबीच मध्यस्थता गर्न इच्छुक रहेको बेइजिङले बताएको छ।

पाकिस्तानी क्षेत्रबाट बिहीबार भएको आक्रमणमा कम्तीमा सात जना इरानी सर्वसाधारणको मृत्यु भएको तेहरानले बताएको छ।

चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता माओ निङले नियमित पत्रकार सम्मेलनमा भन्नुभयो, "दुवै पक्षले शान्ति र संयमता अपनाउनेछन् र तनाव बढ्नबाट जोगिनेछन् भन्ने चीनको पूर्ण विश्वास छ।"

उहाँले भन्नुभयो, "यदि दुवै पक्षले चाहेमा स्थितिलाई कम गर्न रचनात्मक भूमिका निर्वाह गर्न पनि हामी तयार छौं।

आणविक शक्ति सम्पन्न पाकिस्तान र छिमेकी इरान दुवैले आफ्नो कम जनसङ्ख्या भएको सीमा क्षेत्रमा अतिवादसँग जुधिरहेका छन्। बिहीबार पाकिस्तानले इरानमा रहेका लडाकूसमूहमाथि आक्रमण गरेको बताएको थियो।

तेहरानले कम्तीमा सात जनाको ज्यान जाने गरी भएको आक्रमणको जवाफमा पाकिस्तानका कार्यबाहक राजदूतलाई बोलाएको जनाएको छ। दुवै देश बेइजिङका घनिष्ठ साझेदार र साङ्घाई कोअपरेसन अर्गनाइजेसनका सदस्य हुन्।

इरान र पाकिस्तान चीनका मित्र राष्ट्र र महत्वपूर्ण प्रभाव भएका देश भएको भन्दै मध्यस्थताका लागि चीनको पहल रहने प्रवक्ता माओले दोहोर्‍याउनुभयो।

### गाजामा इजरायली आक्रमणमा दर्जनौंको मृत्यु : प्यालेस्टिनी स्वास्थ्य मन्त्रालय

गाजा पट्टी, प्यालेस्टिनी क्षेत्र, ४ माघ (रासस/एएफपी)।

इजरायली आक्रमणमा परी दर्जनौं व्यक्तिको मृत्यु भएको हमासशासित गाजाको स्वास्थ्य मन्त्रालयले बिहीबार जनाएको छ।

नयाँ मध्यस्थता सम्झौताअन्तर्गत प्यालेस्टिनी भूमिमा नयाँ सहायता प्रवेश गरेको र लडाकूहरूले बन्धक बनाएकाहरूको लागि औषधि आपूर्ति भएको समय यो नयाँ आक्रमण भएको मध्यस्थकर्ता कतारले जनाएको छ।

दक्षिणी शहर राफाको एउटै घरमा भएको आक्रमणमा परी १६ जनासहित बुधबार रातभरको आक्रमणमा ९३ जनाको मृत्यु भएको मन्त्रालयले जनाएको छ।

प्यालेस्टिनी मन्त्रालयले भनेको छ, "एउटा घरमा भएको आक्रमणमा परी १६ जनाको मृत्यु भएको छ भने मृत्यु हुनेमा अधिकांश महिला र बालबालिका रहेका छन्। घटनामा २० जना घाइते भएका छन्।"

दक्षिणी शहर खान युनिस र मध्य गाजामा प्यालेस्टिनी शरणार्थी शिविरमासमेत दर्जनौं आक्रमण भएको मन्त्रालयले जनाएको छ। हडतालपछि बिहानै खान युनिसमाथि कालो धुवाँको मुस्लो देखिएको थियो।

इजरायलमाथि अक्टोबर ७ मा हमासले एक्कासी गरेको अकल्पनीय आक्रमणका कारण करिब एक हजार १४० जनाको मृत्यु भएपछि इजरायलद्वारा आक्रमण शुरू गरेको थियो।

इजरायली बमबारी र स्थलगत आक्रमणमा परी कम्तीमा २४ हजार ४४८ जना प्यालेस्टिनीको मृत्यु भएको स्वास्थ्य मन्त्रालयले जनाएको छ।

हमास र अन्य लडाकूहरूले अक्टोबर ७ मा भएको आक्रमणका क्रममा करिब २५० जनालाई बन्धक बनाएका थिए र तिमध्ये करिब १०० जनालाई युद्धविराम र बन्धकतथा कैंदी फिर्ता गर्ने सम्झौता अन्तर्गत फिर्ता गरिएको थियो भने अझै १३२ जना गाजामा रहेका छन्। बनधकमध्ये कम्तीमा २७ जना मारिएको विश्वास गरिएको छ।

फ्रान्स र कतारी मध्यस्थतापछि मङ्गलबार घोषणा गरिएको सम्झौताअनुसार बन्धक र सहायताका लागि आक्रमण हुनुभन्दा 'केही घण्टाअघि' औषधि गाजा प्रवेश गरेको कतारको विदेश मन्त्रालयका प्रवक्ता माजेद अल अन्सारीले बताउनुभएको छ।

दोहा र फ्रान्सले औषधि र खाद्यान्नसहित उपलब्ध गराएको ६१ टन सहयोग लिएर दुई विमान गाजाको सीमा नजिकै रहेको इजिप्टको एल-अरिश शहरमा आइपुगेको कतारले जनाएको छ।

रेडक्रसको अन्तर्राष्ट्रिय समितिले यस सम्झौतालाई 'राहतको अति आवश्यक क्षण' को रूपमा स्वागत गरेको छ, जसअन्तर्गत ४५ बन्धकहरूले औषधि प्राप्त गर्ने अपेक्षा गरिएको छ।

फ्रान्सले ती औषधिहरू राफाको एक अस्पतालमा पठाइने र रेड क्रसलाई दिइने र बन्धकहरूलाई हस्तान्तरण गर्नुअघि समूहमा विभाजन गरिने बताएको छ।

यसैबीच, इजरायली रक्षामन्त्री योआभ ग्यालेन्टले गाजाको मुख्य दक्षिणी शहर खान युनिसमा हमास नेतृत्वलाई ध्वस्त पार्न सेनाले कडा प्रहार गरिरहेको बताउनुभएको छ।

इजरायली सेनाले बुधबार एक सैनिकको मृत्यु भएको घोषणा गरेसँगै गाजामा अक्टोबरको अन्त्यमा जमीनी कारबाही सुरु भएयता मारिने इजरायली सैनिकको सङ्ख्या १९३ पुगेको छ।

# नरबहादुर कर्माचार्य स्मृति प्रतिष्ठानले ११ सुत्रीय माँग राख्दै बुझायो ज्ञापन



**दैनिक समाचारदाता**
**राजविराज, ४ माघ ।**

नरबहादुर कर्माचार्य स्मृति प्रतिष्ठान सप्तरीले ११ सुत्रीय माँगसहित बिहीबार प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझाएको छ ।

प्रतिष्ठानका अध्यक्ष ध्रुब कुमार मण्डलले प्रजिअ किरण थापालाई बुझाएका माागसहित ज्ञापन पत्रमा सप्तरी जिल्लाको सेवाप्रदायक सरकारी कार्यालयहरुमा कामको प्रकृति अनुसार समय निर्धारण गर्ने गरी सार्वजनिक सूचना बोर्डको व्यवस्था गर्न समन्वय गर्न उल्लेख छ ।

त्यस्तै स्थानिय निकायसँग समन्वय र सहकार्यबाट नियमित बजार अनुगमनको साथै सम्पूर्ण पसलहरुमा मुल्यसूची र उपभोक्तालाई बिल दिने गरी व्यवस्था, जिल्लाका सरकारी कार्यालयहरुमा सर्वसाधारणप्रति हुने व्यवहारको लागि गुनासो सुनुवाई डेस्क जिल्ला प्रशासन कार्यालय सप्तरीको परिसरमा व्यवस्था गर्न माग गरिएको छ ।

त्यस्तै सेवाप्रदायक सरकारी कार्यालयहरुमा अहिले पनि बिचौलियातन्त्रको हालिमुहाली रहेकोले सोको नियन्त्रणको ठोस पहल गर्न र नियमित अनुगमनको साथै भ्रष्टाचार गर्ने गराउने माथी कार्वाही तथा कार्वाहीको सिफारिस गरी सार्वजनिक गर्न, जिल्ला भित्र रहेको सरकारी निवास, सरकारी सम्पत्ति, नेपाल सरकारको जग्गाको दुरुपयोग भईरहेकोले नियन्त्रण गर्न, जिल्लामा दण्डहिनता, अराजकता, अनुशासनहिनता, चोरी, हत्या, महिला हिंसाको नियमन, नियन्त्रण र नियमानुसार कार्वाही गर्न, खुल्ला सिमानाको कारण लागु औषध कारोबार बढेको साथै नेपाली बजारमा पनि गोप्य रुपमा लागु औषधको विक्रि वितरण भईरहेकोले नियमित अनुगमन, नियन्त्रण र कार्वाही गर्न माग समेत गरिएको छ ।

सो ज्ञापनपत्रमा जिल्लामा संघिय सरकार, प्रदेश सरकार र स्थानिय सरकारको संचालित सम्पूर्ण योजनाहरुको नियमित अनुगमन र समयमा काम नगर्ने ठेकेदार कम्पनीलाई कार्वाहीको सिफारिस र कार्वाही गर्न, सरकारी विदाको दिन पनि भईरहेको सरकारी गाडीको दुरुपयोगको नियन्त्रण गर्न, जिल्लाको खस्किदो शैक्षिक अवस्थालाई सुधार गर्न शिक्षक दरबन्दी थप, शिक्षक व्यवस्थापन, सरुवा नीतिको समुचित व्यवस्था गर्न र स्वास्थ्य क्षेत्रको सम्पूर्ण समस्या समाधानको ठोस पहल गर्नुका साथै सप्तरीलाई कृषि र पर्यटन सम्भावित क्षेत्रको लागि सरकारले प्रारम्भिक अनुसन्धान गरी लगानी गर्न लगायतका माँगहरुको बारेमा तिनै तहको साथै सम्पूर्ण सम्बन्धीत सरोकारबालाहरुसँग समन्वय, सहकार्य गरी आवश्यक पहल गरी दिनुहुन सम्बन्धीत सबैमा बुझाएको ज्ञापन पत्र माँग गरिएको छ ।

ज्ञापन पत्र बुझ्दै प्रजिअ थापाले कतिपयको कार्यान्वयन हुदै तथा अन्यका कार्यान्वयन गर्ने प्रतिवद्धता ब्यक्त गरे । सो अवसरमा खडक नगरपालिकाका वडा ६ का वडाध्यक्ष मो. कमाल उदीन, प्रतिष्ठानका सदस्यहरु सरस्वती चौधरी, निभा कुमारी चौधरी, कृष्णदेव यादव, देव नारायण प्रमाणी, सञ्चारकर्मी लगायतको उपस्थिती रहेको थियो ।

प्रतिष्ठानका अध्यक्ष मण्डलद्वारा प्रजिअ थापालाई बुझाएको ज्ञापन पत्र प्रधानमन्त्रीतथामन्त्री परिषदको कार्यालय सिंहदरबार काठमाण्डौं र गृह मन्त्रालय, सिंहदरबार काठमाण्डौंलाई बोधार्थ गरिएको छ ।

# त्रिविका शैक्षिक प्रमाणपत्र सेवा अनलाइनबाटै

काठमाडौं, ४ माघ (रासस) ।

त्रिभुवन विश्वविद्यालयका कुनै पनि शैक्षिक प्रमाणपत्र लिन परीक्षा नियन्त्रण कार्यालय (पनिका) पुग्नु नपर्ने भएको छ । पनिकाले यही माघ १५ गतेदेखि सबै शैक्षिक प्रमाणपत्रको काम अनलाइनमार्फत गर्ने र सम्बन्धित पनिकाका क्षेत्रीय कार्यालयमा पठाउने भएकाले अब विद्यार्थीलाई बल्खुस्थित पनिका कार्यालयमा पुग्न नपर्ने परीक्षा नियन्त्रक पुष्पराज जोशीले जानकारी दिनुभयो ।

यही माघ १५ गतेदेखि विद्यार्थीले ट्रान्सक्रिष्ट, प्रोविजन सर्टिफिकेट, पुनर्योग, कुनै पनि प्रमाणपत्रको प्रतिलिपि तथा सच्चाउनुपर्ने जस्ता काम अनलाइनबाट गर्न थालिएको नियन्त्रक जोशीले बताउनुभयो । "अब विद्यार्थीले कुनै पनि शैक्षिक प्रमाणपत्र लिनका लागि अनलाइनमार्फत फाराम भरेर शुल्क पनि इ-पेमेन्टबाट तिर्न सक्छन्", उहाँले भन्नुभयो, "(हामीले सम्बन्धित पनिकाका क्षेत्रीय कार्यालयमा विद्यार्थीका शैक्षिक प्रमाणपत्र एक हप्ताभित्र पठाउने गर्दछौं ।"

नियन्त्रक जोशीका अनुसार अहिले शैक्षिक प्रमाणपत्र क्षेत्रीय कार्यालयमा पठाउने र वैशाखदेखि विद्यार्थी पढेको क्याम्पसमा नै पाँच दिनमा पाउने गरी पठाइनेछ । पनिकामा दैनिक एक हजारदेखि दुई हजार विद्यार्थी शैक्षिक प्रमाणपत्रका लागि आउने गरेको उहाँको भनाइ छ । विद्यार्थीले पनिकाको वेबसाइट www.tuexam.edu.np मा गएर अनलाइन फाराम भर्न सक्छन् ।

यही माघ १५ गतेदेखि अनलाइन सेवा सञ्चालन गर्न कर्मचारीलाई तालिम दिई तयार पारिनेछ । विराटनगर, पोखरा, नेपालगञ्ज र अत्तरियामा त्रिविका क्षेत्रीय कार्यालय छन् ।


## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (ब्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको ब्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**
**तिरहुत गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**



## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (ब्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको ब्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**


**छिन्नमस्ता गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**



## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (ब्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको ब्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**


**रुपनी गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**


# स्वास्थ्य बीमा बोर्डले बहिरङ्ग र इमर्जेन्सी सेवाको टिकट शुल्क घटायो

काठमाडौं, ४ माघ (रासस) ।

स्वास्थ्य बीमा बोर्डले स्वास्थ्य बीमा थैलीमा रहेको बहिरङ्ग र इमर्जेन्सी सेवा टिकटमा लाग्ने शुल्क घटाउने निर्णय गरेको छ ।

बोर्डका सूचना अधिकारी ओमकुमारी कँडेलले बीमितको आर्थिक अवस्थालाई मध्यनजर गर्दै अस्पतालमा लाग्ने बहिरङ्ग र इमर्जेन्सी सेवाका लागि लाग्ने टिकट शुल्क घटाउने निर्णय गरेको बताउनुभयो । उहाँका अनुसार बहिरङ्ग सेवा रु ५० र इमर्जेन्सी सेवाबापतको शुल्क रु एक सय कायम गर्ने निर्णय गरिएको छ । बहिरङ्ग सेवा र इमर्जेन्सी सेवामा घटाइएको शुल्क यही माघ ८ गतेबाट लागू गरिने उहाँले बताउनुभयो ।

यसअघि बहिरङ्ग सेवा शुल्क रु सय र इमर्जेन्सी सेवा शुल्क रु चार सय रहेको थियो । यस्तै बीमा बोर्डले कुनै पनि स्वास्थ्य सुविधा नलिएका वीमितलाई नवीकरण गर्दा १० प्रतिशत छुट दिने निर्णय गरेको छ। बोर्डका सूचना अधिकारी कँडेलले नियमितरुपमा स्वास्थ्य बीमा नवीकरण गरेका तर वर्षभरिमा कुनै पनि स्वास्थ्य बीमा सुविधा उपभोग नगरेका बीमितलाई नवीकरण गर्दा १० प्रतिशत रकम छुट गरिएको बताउनुभयो ।

पाँच जनाको परिवारसम्म सदस्य भएका परिवारले बार्षिक रु तीन हजार पाँच सयको योगदान रकम तिरेपछि रु एक लाखसम्मको सुविधा लिनसक्ने व्यवस्था रहेको छ । अहिलेसम्म कूल ७४ लाख ६६ हजार सात जना बीमामा आवद्ध रहेका र तीमध्ये ३४ लाख ७६ हजार सात सय ७८ जनाले बीमा कार्यक्रममार्फत स्वास्थ्य सेवा लिएका तथा ४८ लाख ५९ हजार पाँच सय १५ वीमितले नवीकरण गर्ने गरेका छन् ।

यसैगरी स्वास्थ्य बीमा कार्यक्रममा सदस्यता आवद्धता भएपछि सेवा सुरु हुने समय पनि घटाउने निर्णय गरिएको छ । सूचना अधिकारी कँडेलका अनुसार स्वास्थ्य बीमा कार्यक्रममा सदस्यता आवद्धता भएपछि सेवा सुरु हुने समय तीन महिनाको रहेकामा त्यसलाई घटाएर दुई महिना कायम गरिएको छ ।

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*